# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

लालबन्दी, सर्लाही, प्रदेश नं. २, नेपाल

## विभिन्न बजार ठेक्कासाग सम्बन्धित सूचना

सूचना प्रकाशित मिति : २०७७/०४/१९

स्थानीय सरकार संचालन ऐन, २०७४ र लालबन्दी नगरपालिकाको आर्थिक ऐन, २०७७ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरू लालबन्दी नगरपालिकाबाट स्वीकृत दर रेटमा आ.व.२०७७/०७८ का लागि ठेक्का बन्दोवस्त गरी संकलन गर्नुपर्ने भएकोले ईच्छुक फर्महरूबाट आफ्नो फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरू सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा वोलपत्र फाराम यस कार्यालयवाट सूचना प्रकाशित भएको मितिले ठे.नं. आ.आ. १ को हकमा १५ (पन्ध्रऔं) दिन र ठे.नं. आ.आ. ८ को हकमा ३०(तिसऔं) दिनको कार्यालय समय भित्र खरिद गरि रित पूर्वकको गोप्य शिलबन्दी बोलपत्रहरू ठे.नं. आ.आ. १ को हकमा १६(सोह्रऔं) दिन र ठे.नं. आ.आ. ८ को हकमा ३१(एकतिसऔं) दिनको मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु हुन मिति २०७७/०४/१८ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठे.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | बो.फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| आ.आ. १ | गोरू वजार, नवलपुर | लालबन्दी न.पा., नवलपुर वजार | १,१३,३०,०१२।- | ३०००।- | दोश्रो पटक प्रकाशित |
| आ.आ. ८ | डुमडुमे मन्दिर देखी दक्षिण तर्फको तरकारी बजार | लालबन्दी न.पा. बजार, वडा नं. ७ | ४५,००,०००।- | ३०००।- | प्रथम पटक प्रकाशित |

**शर्तहरू**

१. ठेक्का अवधि २०७७ को बाँकी अवधी देखि २०७८ आषाढ मसान्त सम्म हुनेछ।

२. आफुले कवोल गरेको अंकको नेपाली फर्म भए ५% र विदेशी फर्म भए १०% धरौटी यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखा स्थित धरौटी खाता नम्बर **१२८००३०३००००००२** मा जम्मा गरि सो को अर्धकट्टी सक्कलै भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ।

३. बोलपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ।अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा नेपाल/प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क बोलपत्र दाता स्वयंले व्यहोर्नुपर्ने छ ।

५. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ३(तिन) महिना म्याद भएको कार्यसम्पादन जमानत बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरिनेछ र पट्टा उपलब्ध गराइनेछ। बोलपत्र दाताले कार्यसम्पादन जमानतको म्याद भित्र यस कार्यालयको खातामा जमानत बराबरको रकम दाखिला गरिसक्नु पर्नेछ। कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ।

६. जुन फर्मको नामबाट बोलपत्र खरिद भएको हो सोही फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ। अन्य फर्मको नामबाट दर्ता गराएको बोलपत्रलाई मान्यता दिईने छैन। साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको बोल पत्र स्वीकार्य हुने छैन। शिलबन्दी खाममा कुन ठेक्काको लागि बोल पत्र दाखिला गरेको हो स्पष्ट रूपले खुलाउनु पर्नेछ। साथै बोलपत्रदाताको नाम, ठेगाना र सम्पर्क नं. स्पष्ट रूपले खामको बाहिर उल्लेख गरेको हुनु पर्नेछ।

७. माथि उल्लेख भएको ठेक्काहरू मध्ये सवै वा छुट्टा छुट्टै रूपमा बोलपत्र/प्रस्ताव पेश गर्न सकिनेछ । उक्त बमोजिम पर्न आएको बोलपत्रहरू स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. बोलपत्र फारम लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, लालबन्दी र १ र २ नं. वडा कार्यालय, नेत्रगंजबाट माथि उल्लेखित समयमा खरिद गरी दर्ता गराउन सकिनेछ र दर्ता गर्ने अन्तिम दिनको ०२:००वजे वोलपत्र खोल्ने कार्य हुनेछ। वोलपत्र फाराम खरिद तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। एक पटक दर्ता भै सकेको बोलपत्र फिर्ता हुने छैन।

९. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। अन्य कुराहरू प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**